# राज्य व्यवस्थामा मगरहरुको सहभागिता र नेपाल मगर सँघको अहिलेको अहम दायित्व

केशर जङ्ग बराल मगर

सर्वप्रथम त म समग्र नेपालको जातजाति र जनजातिको विचमा हाम्रो जनसँख्याको हिसावले हाम्रो अवस्था के छ भन्ने कुरा आम मगरहरु विच राखन चाहान्छु । हामीहरु सबैलाई थाहा छ कि सरकारी तथ्याङ्क अनुसार अहिले हामी नेपालमा भएका १०१ जातजातिहरुमा जनसँख्याको हिसावले तेस्रो स्थानमा छौं भने ५९ जनजातिहरुमा पहिलो स्थानमा छौं । राष्ट्रिय जनगणा २०५८ अनुसार हाम्रो जनसँख्या १६,२२,४२१ छ (सिबिएस २००३) । यस मध्ये १,३४,३५२ (८.२८%) नगरपालिका क्षेत्रभित्र वस्दछौ र वाकि ग्रामिण भेक विशेष गरेर आबश्यक पूर्वाधार जस्तो बाटो, विजुली, पानी, विद्यालय नभएका कुना कन्टरामा वसोवास गदै आएका छौं । हाम्रो जनसँख्या देशको कूल जनसँख्याको ७.१४ प्रतिशत छं । हामीहरु मध्ये करिव ४७.४ प्रतिशतले मगर भाषा बोल्न जानेकाछौं । तर यो दर अरु जनजातिहरुको तुलनामा ज्यादै कम देखिन्छ । उदारहणको लागि ९१.९ प्रतिशत तामाङ्गहरु, ८६.२ प्रतिशत थारु, ६६.२ प्रतिशत नेवारहरु आफ्नो भाषा वोल्ने गर्दछन् ।

आश्चर्यको कुरा त के छ भने हामी शिक्षित भन्नेहरु प्राय गरेर सुविधायुक्त शहरी क्षेत्रमा बसेकाछौं । नेपाल मगर सँघका अधिकाँश केन्द्रिय र जिल्ला तहका नेतृत्व वर्ग शहरी इलाकामा बस्दै आएका छौं । तर शहरी इलाकामा वस्ने मगरहरुमा आफ्ना भाषा प्रति चासो नदेखाएको उपलब्ध तथ्याङ्कले देखाउछ । समग्र रुपमा कूल मगर जनसँख्याको मगरभाषी ४७.४ प्रतिशत छ भने शहरी इलाकामा यो दर ३७.०१ प्रतिश छ । ग्रामिण भेकमा करिब ४८.३४ प्रतिशत मगरहरु आफ्नो भाषा वोल्ने गर्दछन् ।

हामी भन्न सक्छौ हाम्रो जनसँख्या २०४८ र २०५८ को अन्तरालमा वार्षिक करिव २ प्रतिशतले बृद्धि भएको छ । यस अवधिमा मगर भाषीहरुको बृद्धि ६ प्रतिशतले भएको छ । २०३८ र २०४८को अन्तरालमा मगर भाषीहरुको बृद्धि ७.३ प्रतिशतले भएको थियो । २०४८ सालको जनगणना अनुसार त्यति बेला हामीहरु मध्ये ३२ प्रतिशतले मात्र आफ्नो भाषा बोल्ने गर्दथ्यौ । यी समष्टिगत सूचकहरुले मगरहरुमा आफ्नो भाषा प्रति चेतना अभिबृद्धि हुदै गएको छ भन्ने कुरा देखाए तापनि धेरै जसो हामीलाई आफ्नो भाषा बोल्न आउदैन भन्ने कुरा पनि स्पष्ट पारेको छ ।

शिक्षा नै विकासको मूलद्वार हो भन्ने कुरामा कसैको बिमति हुदैन होला । हामी टाढा जानु पर्दैन, विदेश पनि जानु पर्दैन, यो कुरालाई पुष्टि गर्न । हामी सँगै सयौ वर्ष देखि सहयात्रीको रुपमा यो देशमा बस्दै आएका ब्राह्मण मित्रहरु शिक्षामा अग्रिम पँक्तिमा हुनुहुन्छ । यसले गर्दा वहाँहरु हरेक क्षेत्रमा अगाडि हुनुहुन्छ तर हामी जहिले पनि पछि पछि एउटा शासित वर्ग र मनस्थितीमा अझ पनि छौ ं । हाम्रो शैक्षिक स्थितीलाई हेर्ने हो भने हामी ज्यादै पछि परेका छौं । जनगणना २०५८ अनुसार मगरहरुको साक्षरता दर ५५.९ प्रतिशत छ । २५.६ प्रतिशत मगरहरुले प्राथमिक तह देखि माध्यमिक तहको शिक्षा हासिल गरेकाछन् भने करिब १ प्रतिशत मगरहरुले प्रमाण-पत्र तहको शिक्षा पाएका छन् र मुस्किलले १ प्रतिशत मगरहरुले उच्च शिक्षा पाएका छन्  (सुब्बा र अरु, २००२) । साक्षरता दर २०४८ सालको जनगणनामा ४० प्रतिशत थियो । दश वर्षको अन्तरालमा साक्षरता दर बढे तापनि उच्च शिक्षा हांसिल गर्ने मगरहरु ज्यादै कम छन् । विद्यावारिधि उपाधि पाएका मगरहरु औलामा गन्न सक्नेछन् । त्यस्तै गरी शैक्षिक क्षेत्रमा सँलग्न भएका र प्राविधिक शिक्षा हासिल गरेका मगरहरु सम्बन्धि आँकडा नभएतापनि यो भन्न सकिन्छ कि तिनीहरुको सँख्या ज्यादै कम छ ।

हाम्रा छोराहरु जो आर्थिक दृष्टिकोणले पनि सक्षम छन्, उच्च शिक्षा हाँसिल गरेर मातृभूमिको सेवा गर्न लायक छन्   तीनीहरुको र हामी आमा बुबाहरुमा पनि हाम्रो बिदेशिने पुरानो सँस्कृतिमा परिवर्तन आउन सकेको छैन । यस सँस्कृतिले गर्दा पनि हामीले उच्च शिक्षा हाँसिल गरी देशै भित्र प्रतिस्प्रर्धा गरी मातृभूमिको सेवा गर्ने परम्परा बसाल्न सकेका छैनौं । यो परम्परा रहदा सम्म हामी यो देशमा जहिले पनि पछि पर्ने छौं । त्यसैले नेपाल मगर सँघले यसले विधानमा उल्लेख गरे अनुरुप मगरहरुमा शिक्षाको प्रचार प्रशार गरी मगरहरुलाई उच्च शिक्षामा अगाडि बढाउनुको साथसाथै बाध्यतावस बाहेक  विदेशिने परम्परालाई रोकनु पर्दछ । मैले २५ वर्षको उच्च शिक्षाको प्राध्यापनको दौडानमा हजारौं मगर बिद्यार्थीहरुलाई उच्च शिक्षा दिएँ । तर दुर्भाग्यको कुरा ती हजारौं बिद्यार्थी मध्ये एकाएक अकलझुकल मात्र मातृभूमीको सेवामा लागेको पाइन्छ । हाम्रो सामाजिक परिवेशले हामीलाई आर्थिक दृष्टिकोणले होइन मानसिक रुपले गरिव  बनाएको छ । जव हामी मानसिक रुपले गरिव हुन्छौं, क्षणिक रुपमा  धनी हुन्छौं तर  आर्थिक रुपले पनि  भोली र भोली नभए पर्सी गरिवमा परिवर्तन हुनेछौं ।

भरखर मात्र सम्पन्न भएको १० जोड २ को परीक्षामा म विशेष पर्यवेक्षक भएर तनहुँ र कास्कीको परीक्षा केन्द्रहरुमा घुम्ने मौका पाएको थिएँ । त्यस डौडानमा तनहुँमा कुनै पनि केन्द्र– जुन जिल्लामा मगरहरुको बाहूल्यता भएको जिल्ला हो– मा एक जना पनि परीक्षा निरीक्षक मगर भेटिएन र

मगरको अनुहार परेका परीक्षार्थीहरु पनि ज्यादै कम भेटें । भानुभक्त क्याम्पस, खैरेनी, तनहुँका केन्द्राध्यक्षलाई सोधे–यो ठाँउ त मगरहरुको बाहूल्यता भएको ठाँउ तर मगर विद्यार्थी त ज्यादै कम छन् किन? वहाँको जवाफ यस्तो थियो-दश कक्षा देखि भर्ती हुन दर्गुछन्, बाँकी रहेका पनि दश जोड २ मा हुंदा पनि दगुर्छन् , बाँकी रहेको पनि खैरेनीमा राख्दा उनीहरुलाई खर्च गर्ने स्थान हुदैन, त्यसैले लाख डेढ लाखको मोटर वाएक किनी दिन्छन्, दिनको ४००/५०० पाकेट खर्च दिन्छन्, यति नगरे उनीहरुले खर्च गरेजस्तै लाग्दैन, त्यसैले किन यहाँ पढाउछन् र सर ! त्यसैले जब सम्म हाम्रो मानसिक र भौतिक सँस्कृतिमा रुपान्तरण हुदैन तव सम्म हाम्रो आर्थिक, सामाजिक, शैक्षिक र राजनैतिक अवस्थामा तात्विक अन्तर आउन सक्दैन । त्यसैले मैले गत फागुन १५ को उपलक्षमा नयाँ नेपाल भित्र सम्मानित र समृद्ध मगर समाजको परिकल्पनालाई साकार गर्न सर्वप्रथम त नेपालको शासन सामन्ती वर्गबाट गरिने प्रणाली र परम्पराको अन्त्य हुनु पर्दछ, अनि हाम्रो सँस्कृतिको रुपान्तरण हुनुपर्दछ । हाम्रो साँस्कृतिक रुपान्तरण विना नयाँ मगर समाजको परिकल्पना साकार हुन सम्भव छैन भनेको थिएँ ।

अव म नेपालको राज्य व्यवस्थामा हाम्रो सहभागिता सम्बन्धि चर्चा गरी नयाँ मगर समाजको निर्माणको लागि हाम्रो सँगठन–नेपाल मगर सँघको दायित्व के हुने हो त्यस सम्बन्धमा केही कुरा भन्न चाहान्छु । हामीले यो कुरा विर्सनु हुदैन कि हामीले देशको हरेक ऐतिहांसिक राजनैतिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेका छौं । नेपालको एकिकरणको लागि पनि यो मगर जातिको भूमिका उल्लेखनिय थियो । देशलाई परिवर्तनको सँघारमा पुर्‍याउने जनयूद्धमा पनि मगरहरुको वलिदान अग्रस्थानमा छ । तर हामीले खेलेको भूमिका र हाम्रो जनसँख्याको आधारमा राज्य व्यवस्थामा हाम्रो सहभागिता कति रह्यो भन्ने कुराको मूल्याङ्कन गरी अब राज्य व्यवस्थामामा जनसँख्याको आधारमा हाम्रो उचित प्रतिनिधित्वको सूनिश्चित दिने किसिमको शासन व्यवस्थाको लागि लड्नु पर्ने बेला आएको छ ।

राज्यको नीतिनिर्माण गर्ने उपल्लो निकायमा हाम्रो प्रतिनिधित्व आज सम्म न्यून रहेको छ । सँसद सचिवालयबाट उपलब्ध गराएको नामावली अनुसार २०१५ सालमा १०९ जना साँसदहरु मध्ये २ (२.८ प्रतिशत), पँचायत कालको ३० वर्षमा पनि मगरहरुको प्रतिनिधित्व जम्मा औसतमा २.९ प्रतिशत मात्र थियो । २०४६ पछि पनि हाम्रो प्रतिनिधित्व उचित रुपमा भएन । २०४८ र २०५१ सालको निर्वाचनमा हाम्रो प्रतिनिधि १.९ प्रतिशत भयो भने २०५६ सालमा २.४ प्रतिशत मात्र प्रतनिधित्व भएको थियो । राष्ट्रिय सभामा पनि २०४८ देखि २०६३ सम्मका १६१ सदस्यहरु मध्ये मगरको प्रतिनिधित्व १.२ प्रतिशत मात्र भएको थियो । हालको अन्तरिम विधायिकामा ने.क.पा.माओवादीबाट ८ जना, ने.क.पा. एमालेबाट २ जना र नेपाली काँग्रेसबाट १ गरी जम्मा ११ जना मगर विधायिकाहरु

हुनुहुन्छ ।[1] तर अनतरिम सरकारमा भने मगरहरुको प्रतिनिधित्व छैन । राज्यको महत्वपूर्ण अङ्ग कार्यपालिकामा पनि मगरहरुको प्रतिनिधित्व नगन्य मात्र देखिन्छ । २००७ साल देखि २०४६ साल सम्म जम्मा ५ जना २०४६ देखि २०५९ असोज सम्म २ जना र २०५९ असोज देखि २०६३ बैशाख ११ गते सम्म ४ जनाको प्रतिनिधित्व  भएको देखिन्छ । त्यस्तै गरी प्रमुख राजनैतिक दलहरु मध्ये ने.का र ने.क.पा. एमालेको केन्द्रिय तहको सँरचनामा मगरको प्रतिनिधित्व नै देखिदैन भने ने.क.पा. माओवादीको केन्द्रिय समितिमा भने ३५ जना मध्ये ४ जना (११.४३ प्रतिशत) मगरहरु भएको देखिन्छ । त्यस्तै गरी पाल्पा, कास्की र म्याग्दीमा हालसालै गरिएको एक अध्ययन अनुसार यी दलहरुको जिल्ला समितिमा पनि मगरहरुको उपस्थीत ज्यादै न्यून देखिन्छ । पाल्पामा जहा मगरहरुको बहूमत भएको जिल्लामा नेकपा एमालेको २६ जिल्ला सदस्यहरु मध्ये ४ मगर, ने.क.पा.,माओवादीको १९ जनामा ५ जना, ने.का.को २१ जना ३ जना मगरहरु भएको देखिन्छ (बराल २०६३) । त्यस्तै गरी म्याग्दीमा नेकपा एमालेको २१ जिल्ला सदस्यहरु मध्ये ४, ने.क.पा.माओवादीको १७ जनामा ७ जना, ने.का.को १८ जनामा २ जना मगरहरु भएको देखिन्छ (बराल २०६३) । कास्की जिल्लामा भने मगरहरुको जनसँख्या उल्लेखनिय छैन । ने.का. र ने.क.पा.एमालेको जिल्ला समितिमा एक जना पनि मगर छैन भने ने.क.पा माओवादीको जिल्ला समितिमा भने २७ जना मध्ये ३ जना मगर सदस्यहरु भएको देखिन्छ । यसरी ठूला राजनैतिक दलहरुको जिल्ला समितिहरुमा पनि मगरहरुको उपस्थिती उल्लेखनिय देखिदैन ।

महान्यायअधिवक्ता, निर्वाचन आयोग, राष्ट्रिय योजना आयोग, महालेखापरिक्षक, र लोक सेवा आयोगमा जनजातिहरु मध्ये मधेशी, गुरुङ्ग, राई जातिको समेत प्रतिनिधित्व हुदा हाम्रो प्रतिनिधित्व भएको देखिदैन ।  राज्यको स्थायी सरकारको रुपमा रहेको प्रशासन क्षेत्रमा पनि हाम्रो उपस्थिती न्यून देखिन्छ । २०६० साल सम्म विशिष्ठ श्रेणीमा एक जना पनि मगर भएको देखिदैन । त्यस्तै गरी प्रथम श्रेणीमा र शाखा अधिकृतमा नेवार बाहेक अरु जनजातिहरुको सँख्या क्रमशः १.२ प्रतिशत र ३.६ प्रतिशत भएकोले (थापा २००६) पनि मगरहरुको प्रशासनिक सेवामा न्यून उपस्थिती भएको देखिन्छ । न्याय क्षेत्रमा मगरहरुको उपस्थितीलाई हेर्ने हो भने सर्वोच्च अदालतको २० र  जिल्ला अदालतको १३४ न्यायधिस मध्ये १/१ जना मात्र मगर भएको पाइन्छ । पुनरावेदन अदालतमा भने मगर न्यायधिश एक जना पनि छैन ।

अब म तपाईहरुलाई राष्ट्रको सुरक्षा अङ्ग प्रहरी र सेनामा हाम्रो उपस्थितीको वारेमा भन्न गैरहेकोछु ।  प्रहरीको स्थापनकाल देखिका १५ जना प्रहरी महानिरीक्षहरु मध्ये ३ जना मगरहरु भए,

[1] यसमा माननीय  परी थापालाई समावेश गरिएको छैन ।

अनुसन्धान तर्फ एक जना र शसस्त्र प्रहरी तर्फ एक जना मगर प्रहरी महानिरीक्षक भएको पाइन्छ । नेपाल प्रहरीको हेडक्वाटरले मङ्गसिर २०६३ मा उपलब्ध गराएको तथ्याङ्क अनुसार डिआईजी २, एसएसपी, एसपी र डिएसपी ३/३ जना र प्रहरी निरीक्षक १२ जना मगरहरुको भएको देखिन्छ । कूल प्रहरी अधिकृत मध्ये २.४८ प्रतिशत मात्र मगरहरु भएको देखिन्छ । त्यस्तै गरी सेना तर्फ पनि प्राविधिक र साधारण दुवैमा कार्यरत प्रमुख सेनानी र त्यो भन्दा माथिका कूल अधिकृत सँख्या ४५४ मध्ये ८ जना (१.७६ प्रतिशत) मात्र मगर भएको देखिन्छ । त्यस्तै जनमुक्ति सेना तर्फ २ जना डिपुटी कमाण्डर र ३ जना डिभिजन कमाण्डर मगर छन् । यसरी राज्यको सुरक्षा निकायमा नगन्य मात्रामा मगरहरुको उपस्थिती भएको तर जनमुक्ति सेनामा भने महत्वपूर्ण उपस्थिती भएको देखिन्छ ।

अब हामी राज्य व्यवस्थामा मगरहरुको सहभागिताको अवस्था विगतमा कस्तो रह्यो र अहिले कस्तो छ भन्ने कुरा बुझ्न सक्दछौं । अब हामीले राज्य व्यवस्था जनसँख्याको आधारमा हाम्रो सहभागिता सूनिश्चित गराउनु पर्दछ । यसको लागि सँविधान सभाको सूनिश्चित गरी यस मार्फत नयाँ नेपाल–सँघात्मक लोकतान्त्रिक गणतन्त्र नेपाल, निर्माण गरी राज्य व्यवस्थामा समानानुपातित रुपमा सहभागीताको लागि कुनै एउटा राजनैतिक दलको होइन राज्यबाट नै सूनिश्ति गराउनको लागि नेपाल मगर सँघ सँघर्षरत हुनुपर्दछ ।

नयाँ मगर समाजको परिकल्पना–सम्मानित र समृद्ध मगर समाज, लाई साकार गर्न सर्वप्रथम त नेपालको शासन सामन्ती वर्गबाट गरिने प्रणाली र परम्पराको अन्त्य हुनु पर्दछ । यहा निर उल्लेखनिय कुरा के छ भने जसको नाममा शासन चलाए पनि आज सम्म शासन चलाउने वर्ग एउटै छ–सामन्ती वर्ग र सामन्ती बर्गको मतियार । राजनैतिक परिवर्तन–सँघात्मक लोकतान्त्रिक गणतन्त्र नेपाल, पछि पनि देशको शासना व्यवस्था फेरी उही सामन्ती वर्ग र सामन्ती वर्गको मतियारको हातमा गयो भने हाम्रो अवस्था उस्तै हुनेछ । विगतमा जस्तै हामी एउटा सामन्तीको हातबाट शासन व्यवस्था आर्को सामन्तीको हातमा सुम्पनको लागि हतियार मात्र भएको प्रमाणित हुने छ । त्यसैले हामी सबै मगरहरु राजनैतिक विचारको साथमा जन युद्धमा र जनआन्दोलनमा नेपाली जनताले गरेको वलिदानबाट प्राप्त राजनैतिक उपलब्धिलाई संरक्षण गर्दै नयाँ नेपालको निर्माण गरी नयाँ मगर समाज वनाउने अति महत्वपूर्ण ऐतिहाँसिक मोडमा हामी छौं । नेपाल मगर सँघ सामाजिक सँगठनको रुपमा वर्षौ देखि मगर भाषा, सँस्कृतिको विकास र सँरक्षणमा लागिराखेको छ । यो सँस्थागत रुपमा कुनै पनि राजनैतिक विचार नवोकेको तर सबै खाले विचार लिएका मगरहरुको साझा सँस्था हो । यसले सामाजिक सुधारका र सामाजिक आन्दोलन गर्दछ । आम मगरहरुमा राजनैतिक चेतना नल्याइकन

राज्य व्यवस्थामा समान रुपमा सहभागि हुन सकिदैनं । यसको फलस्वरुप हामी जहिले पनि पछि नै पर्दछौं र हामीले कल्पना गरे जस्तै नयाँ मगर समाजको निर्माण हुन सक्दैन । किन भने नयाँ मगर समाज निर्माणको लगि राजनैतिक व्यवस्था माछाको लागि पानी जस्तै हो । हामीले याद गर्नु पर्ने कुरा केहो भने पानी भएको सबै खोलामा माछा हुदैन तर माछा हुनको लागि पानी अवश्य चाहिन्छ । तसर्थ नयाँ मगर समाज निर्माणको लागि अनुकूल राजनैतिक व्यवस्था पूर्वाधार हो । अहिलेको हाम्रो दायित्व भनेको पहिले नयाँ राज्य व्यवस्था-आत्म निर्णय सहितको सँघात्मक लोकतान्त्रिक गणतन्त्र नेपाल, निर्माण गर्ने र हाम्रो जनसँख्याको आधारमा राज्य व्यवस्थामा सहभागिताको सूनिश्चित गर्ने अनि हाम्रो सँस्कृतिको रुपान्तरण गरेर नयाँ मगर समाजको निर्माण गर्नु हो ।

देश इतिहाँसकै महत्वपूर्ण मोडमा भएको अवस्थामा नेपाल मगर सँघको प्रमुख दायित्व भनेको पहिले नयाँ राज्य व्यवस्था-आत्म निर्णय सहितको सँघात्मक लोकतान्त्रिक गणतन्त्र नेपाल, निर्माण गर्नको लागि सँविधान सभाको निर्वाचनको सूनिश्ति गरी र हाम्रो जनसँख्याको आधारमा राज्य व्यवस्थामा सहभागिताको सूनिश्चित गर्ने खालको सँविधानको निर्माण गरी हाम्रो सँस्कृतिको रुपान्तरण गरेर नयाँ नेपाल भित्र निम्न विशेष्ता भएको नयाँ मगर समाजको निर्माण गर्नु हुनेछ (बरालमगर २०६३क):

१. अधिकाँश मगरहरुले राजनैतिक रुपले आफुलाई सचेत गराउनेछन्, अर्काको दासत्व स्विकार्ने मानसिकतालाई स्वयम् आफैलाई मालिक मान्ने मानसिकतामा रुपान्तरण गर्ने छन् ।

२. अधिकाँश मगरहरुमा आएको राजनैतिक चेतनाको कारणले राजनैतिक दलहरुमा पनि सक्रिय सहभागीता जनाउनेछन् र राजनैतिक नेतृत्वमा समेत अहम भूमिका खेल्नेछन् । यसको फलस्वरुप मगरहरु देशको शासन व्यवस्थामा सहभागी हुनेछन् र आफ्नो भाग्यरेखा आफैले कोर्नेछन् ।

३. अधिकाँश मगरहरु शिक्षाको अवसरबाट वञ्चित हुनेछैनन् । यिनीहरुमा पढेर आफ्नो पंहूच नभएकोले जागिर पाइदैन भन्ने अहिलेको मानसिक्तालाई आफ्नो योग्यता र शिप र ज्ञानमा विश्वास गर्ने मानसिक्तामा रुपान्तरण गर्नेछन् । यसले गर्दा हरेक कार्यलयहरुमा निर्णायक तहमा मगरहरुको पनि महत्वपूर्ण उपस्थिती हुनेछ ।

## सन्दर्भसामाग्री सूची


बराल मगर, केशर जङ्ग.२०६२. **मगरहरुको धर्म र संस्कृति**. छलफल पत्र, नेपाल मगर सँघ, स्याङ्गजा कार्य समिति, (आश्वि १४-१५) वालिङ्ग, स्याङ्गजा ।

– – –. २०६३. **मगराँती धर्म र संस्कृति**. *पाहुर,* वर्ष १ अङ्क १( फालगुन) :१०-१५ ।

– – –. २०६३ क. **नयाँ नेपालमा नयाँ मगर समाजको परिकल्पना**.आदर्श समाज -फालगुन १५) ।

बराल, उमानाथ. २०६३. **राजनीतिमा मगरः पाल्पा,कास्की र म्याग्दी जिल्लको प्रारिम्भिक अध्ययन**. छलफल पत्र, नेपाल मगर सँघ, कास्की जिल्ला कार्य समिति, (फाल्गुन २५) पोखरा, कास्की ।

Nepal Planning Commission Secretariat (NPCS), **Central Bureau of Statistics. 2003. Statistical Year Book of Nepal.** Kathmandu: Central Bureau of Statistics.

Purja, Phas Bahadur. 2004. **Nepal Magar Association and its Socio-cultural Revitalization Program: An Anthropological Case Study of Kathmandu and Lalitpur City Area**. MA diss. Purbanchal University, Kathmandu**.**

Subba, Chaitanya, et al., 2002; **Rastriya Bikashma Adhibasi/Janajati Mulmudda Byabdhan ra Abasarharu,** IIDS, Kathmandu.

Thapa, Fatik Bahadur. 2006. **Involvement of Indigenous Nationalities in the State Mechanism**. A Study Report, Nepal Federation of Indigenous Nationalities (NEFIN) Kathmandu.